# दक्षिणकाली नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
फर्पिङ, काठमाडौं, बागमती प्रदेश, नेपाल


पत्र संख्या :- २०७७/०७८
चलानी नं. :- ४०४३

मिति :- २०७८/०१/२७

## हार्दिक अपिल

विश्वभर फैलिदै गईरहेको नयाँ भेरियन्ट सहितको कोभिड-१९ को संक्रमण पछिल्ला दिनहरुमा यस नगरपालिका क्षेत्र भित्र अत्याधिक रुपमा बढिरहेको अवस्थालाई ध्यानमा राखी कोभिड रोकथाम तथा नियन्त्रणको साथै कोभिडको कारण सिर्जित यस विषम् परिस्थितिलाई आवश्यकता अनुरुप व्यवस्थापन गर्नको लागी यस नगरपालिकाले कोरोना कोषमा चालु आ.ब.मा विनियोजित रकममा रु.४०,००,०००।- (चालिस लाख रुपैयाँ) थप गरिएको व्यहोरा जानकारी गराउदैं उक्त कोषमा सहयोग गर्न इच्छुक संघ-संस्था, उद्योगी, व्यवसायी, राजनैतिककर्मी, समाजसेवी, बैङ्क तथा सहकारी संस्था लगायत् सम्पूर्ण महानुभावहरुले यस नगरपालिकाको नाममा राष्ट्रिय वाणिज्य बैंक, फर्पिङ शाखामा रहेको ग-७.२ स्थानीय तह प्रकोप व्यवस्थापन कोष खाता नं १२००१००३०७०२०००२ मा जम्मा गरी सहयोग गर्नु हुन हार्दिक अनुरोध गर्दछु ।

यस नगरपालिका भित्र कोभिड संक्रमण भएका व्यक्तिहरु यदाकदा खुल्ला रुपमा हिडडुल गरीरहेको तथा संक्रमित स्वयंले आफ्नो व्यापार व्यवसाय समेत सञ्चालन गर्ने गरेको भन्ने जनगुनासो प्राप्त भएको हुदाँ कोभिड संक्रमण भएमा स्वास्थ्य सुरक्षा मापदण्डको पूर्ण पालना गरी होम आईसोलेसनमा बसी आफू पनि सुरक्षित रही समुदायलाई पनि सुरक्षित राख्न सहयोग गर्नु हुन अनुरोध गर्दछु । अन्यथा, संक्रामक रोग ऐन, २०२० बमोजिम कारबाही हुने व्यहोरा समेत जानकारी गराउदछु ।

२०७८/१/२५

(मोहन बस्नेत)
नगर प्रमुख


फर्पिङ, काठमाडौं, नेपाल, फोन नं.: +९७७ ०१ ४७१००२८
Email: info@dakshinkalimun.gov.np, Website: www.dakshinkalimun.gov.np